प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
कोशी प्रदेश
धनकुटा, नेपाल

निर्देशक

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/११/०४)**

विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ बमोजिम विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन भएका स्थानीय तह अन्तर्गतका विद्यालयहरूमा विद्यालय नर्स करार सेवाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमको पद र तहमा न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस निर्देशनालयमा दरखास्त फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | पदपूर्ति गर्नुपर्ने जिल्ला | रिक्त पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०९-२०८१/८२ | विद्यालय नर्स | पाँचौं | स्वास्थ्य/जनरल नर्सिङ्ग | ताप्लेजुङ | ३ (तीन) |
| २. | | | | | पाँचथर | १ (एक) |
| ३. | | | | | इलाम | १ (एक) |
| ४. | | | | | झापा | ६ (छ) |
| ५. | | | | | मोरङ | ९ (नौ) |
| ६. | | | | | सुनसरी | ३ (तीन) |
| ७. | | | | | धनकुटा | ४ (चार) |
| ८. | | | | | संखुवासभा | ३ (तीन) |
| ९. | | | | | भोजपुर | ३ (तीन) |
| १०. | | | | | तेह्रथुम | २ (दुई) |
| ११. | | | | | उदयपुर | २ (दुई) |
| १२. | | | | | ओखलढुंगा | ६ (छ) |
| १३. | | | | | खोटाङ | ४ (चार) |
| १४. | | | | | सोलुखुम्बु | ८ (आठ) |
| जम्मा | | | | | | ५५ (पचपन्न) |

१) **सेवाको किसिम :** करार

२) **उम्मेदवारको छनौट विधि :** लिखित परीक्षा र अन्तर्वार्ता।

३) **लिखित र अन्तर्वार्ता परीक्षा सञ्चालन हुने मिति :** स्वास्थ्य निर्देशनालय, धनकुटाको वेबसाइट hd.koshi.gov.np मा सूचना प्रकाशन भए बमोजिम हुनेछ ।

४) **परीक्षा दस्तुर :** विद्यालय नर्स पदका लागि रू.४००।-(चार सय रूपैयाँ)

५) **दरखास्त दस्तुर :** राजश्व संकेत नम्बर १४२२४, कार्यालय कोड नम्बर ३७००१०६०३१ मा बुझाउनु पर्नेछ ।

६) **दरखास्त फाराम बुझाउने अन्तिम मिति :** मिति २०८१/११/१८ गते कार्यालय समयभित्र ।

७) **दरखास्त बुझाउने स्थान :** स्वास्थ्य निर्देशनालय, धनकुटा ।

८) **तलव तथा सेवा सुविधा:** प्रदेश सरकारको सम्बन्धित तहको लागि तोकिए वमोजिम।

९) **उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मिति २०८१/११/१८ मा १८ वर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको।

१०) **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

११) **सेवा करारको अवधि :** २०८१ साल आषाढ मसान्तसम्म ।

१२) **फाराम प्राप्त गर्ने स्थान:** स्वास्थ्य निर्देशनालय, धनकुटा वा वेबसाइट hd.koshi.gov.np बाट उपलब्ध हुनेछ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,
- न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण-पत्र,
- सम्बन्धित काउन्सिलको दर्ता प्रमाण-पत्र (नवीकरण भएको), अनुभवको प्रमाण-पत्र (भएमा),
- उम्मेदवार लोपोन्मुख/अतिसीमान्तकृत/सीमान्तकृत/दलित भएमा सोको प्रमाणित हुने प्रमाण-पत्र,
- नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र समेत पेश गर्नु पर्नेछ ।

१३) **पाठ्यक्रमः** प्रदेश लोक सेवा आयोग कोशी प्रदेशबाट जनरल नर्सिङ्ग समूह पाँचौं तहको लागि तोकिएको पाठ्यक्रम ।

१४) विद्यालय नर्स पदको लागि दरखास्त दिने उम्मेदवारले एक जिल्लाको लागि मात्र दरखास्त दिन सकिनेछ।

१५) तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ।

१६) आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार स्वास्थ्य निर्देशनालय, धनकुटालाई हुनेछ।

<u>द्रष्टव्य :</u> विज्ञापन सम्बन्धी थप जानकारीका लागी स्वास्थ्य निर्देशनालय, धनकुटाको वेबसाइट hd.koshi.gov.np मा हेर्न र फोन नं.०२६-५२२५०८ मा सम्पर्क गर्न सकिनेछ।

प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय कोशी प्रदेश धनकुटा, नेपाल

निर्देशक